खण्ड- ९ संख्या- १ मिति : १३ असार, २०८२ साल

# गौरीगञ्ज राजपत्र

## गौरीगञ्ज गाउँपालिकाद्धारा प्रकाशित

खण्ड : ९ संख्या : १ मिति : १३ असार, २०८२ साल

## भाग- २

### गौरीगञ्ज गाउँपालिकाको सूचना

गौरीगञ्ज गाउँपालिका गाउँ कार्यपालिकाले बनाएको तल लेखिएबमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्बत् २०८२ सालमा प्रकाशित कार्यविधि नं. १

खण्ड- ९ संख्या- १ मिति : १३ असार, २०८२ साल

# गौरीगञ्ज गाउँपालिका

# गौरीगञ्ज आधारभुत अस्पतालमा कार्यरत कर्मचारीहरुको अतिरिक्त सेवा सुविधा तथा प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि, २०८१

(गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/१२/०९)

**प्रस्तावनाः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद- ३ दफा ११ को उपदफा (२) (झ) अनुसार स्वास्थ्य सेवालाई अझ बढी प्रभावकारी, गुणस्तरीय एवं पहुँचयोग्य बनाउन तथा गौरीगञ्ज आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१ को परिच्छेद- ६, दफा १७ मा भएको व्यवस्था कार्यान्वयन गरी गौरीगञ्ज गाउँपालिकाद्वारा संचालित गौरीगञ्ज आधारभूत अस्पतालमा कार्यरत कर्मचारीको मनोबल बढाउन र सेवा प्रवाहमा थप जिम्मेवारी बनाई विशिष्ट सेवा प्रदान गर्न अस्पतालको आम्दानीबाट प्राप्त रकमबाट व्यहोर्ने गरी चिकित्सक, स्वास्थ्यकर्मी तथा कर्मचारीलाई अतिरिक्त समय, सार्वजानिक बिदाको दिन, रात्रिकालीन समय तथा चाडपर्वको समयमा अतिरिक्त सेवा गरेवापत थप सुविधा तथा प्रोत्साहन भत्ता उपलव्ध गराउन वाञ्छनीय भएकोले,

गौरीगञ्ज गाउँ कार्यपालिकाद्वारा यो कार्यविधि तयार गरी जारी गरिएको छ ।

## परिच्छेद- १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (क) यस मापदण्डको नाम "गौरीगञ्ज आधारभूत अस्पतालका कर्मचारीको अतिरिक्त सेवा सुविधा तथा प्रोत्साहन भत्तासम्बन्धी मापदण्ड, २०८१" रहेको छ ।

(ख) यो मापदण्ड गाउँ कार्यपालिकाको बैठकबाट अनुमोदन भएबमोजिम २०८१ असोज महिनादेखि लागु हुनेछ ।

२. **परिभाषाः** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कर्मचारी" भन्नाले गौरीगञ्ज आधारभूत अस्पतालमा कामकाज गर्ने स्वास्थ्य सेवामा आवद्ध स्थायी तथा करार सेवाका चिकित्सक, स्वास्थ्यकर्मी तथा प्रशासन सेवाका कर्मचारीलाई जनाउने छ ।

(ख) "चिकित्सक" भन्नाले अस्पतालमा कार्यरत सम्बन्धित काउन्सिलमा दर्ता भएका बिशेषज्ञ डाक्टर र मेडिकल अधिकृतलाई जनाउने छ।

(ग) "स्वास्थ्यकर्मी" भन्नाले अस्पतालमा कार्यरत सम्बन्धित काउन्सिलमा दर्ता भएका प्यारामेडिक्स, नर्सिङ, फार्मेसी, रेडियोलोजी, प्याथोलोजीलगायत स्वास्थ्य सेवाअन्तर्गत पर्ने सम्पूर्ण सेवाका जनशक्तिलाई जनाउने छ ।

(ख) "अस्पताल" भन्नाले गौरीगञ्ज गाउँपालिकाद्वारा सञ्चालित गौरीगञ्ज आधारभूत अस्पताललाई सम्झनुपर्छ ।

**३. अस्पतालको कार्यालय समयः**

(क) अस्पतालको नियमित बहिरंग सेवा नेपाल सरकारले तोके बमोजिमको कार्यालय समयमा सञ्चालन हुनेछ ।

(ख) अस्पतालले आकस्मिक स्वास्थ्य सेवा २४ सै घण्टा प्रदान गर्नु पर्नेछ ।

## परिच्छेद- २

## अतिरिक्त सेवा सुविधासम्बन्धी मापदण्ड

**४. अतिरिक्त सेवा सुविधाः** यस मापदण्ड बमोजिम चिकित्सक, स्वास्थ्यकर्मी तथा कर्मचारीले प्राप्त गर्ने अतिरिक्त सेवा सुविधा अस्पतालको आफ्नो आन्तरिक आम्दानीबाट प्राप्त रकमवाट भुक्तानी गरिने छ । सामान्यतया कर्मचारीले नियमानुसार वा सिफ्ट मिलाई हप्तामा ४२ घण्टा नियमित ड्युटी गर्नुपर्नेछ । तर सो हप्तामा सार्वजनिक बिदा परेमा उक्त ४२ घण्टा अनिवार्य मानिने छैन । सार्वजनिक बिदाबाहेक कार्यालय खुल्ने दिनमा नियमित ड्यूटी गरेवापत कुनै पनि थप सुविधा प्रदान गरिने छैन । सो भन्दा बढी काम गरेको अवस्था र सार्वजनिक बिदाको दिन, चाडपर्वको समयमा तथा नियमित ड्युटीबाहेक अतिरिक्त समयमा काम गरेको अवस्थामा सम्बन्धित कर्मचारीले खाईपाई आएको आधारभूत तलबमानका आधारमा अनुसुची-१ बमोजिम अतिरिक्त सुविधा प्रदान गरिनेछ ।

**५. प्रोत्साहन भत्ताः** कर्मचारीहरुले यस कार्यविधिबमोजिम प्राप्त गर्ने प्रोत्साहन भत्ता अस्पतालको आम्दानीबाट प्राप्त रकमको ओ.पि.डि/ईमरजेन्सी पुर्जा, ल्याब, एक्स-रे, ईसिजि, ड्रेसिङ्ग, ईमरजेन्सी प्रोसिडयोरलगायत स्वास्थ्य बिमा सेवावापतको खुद्

आम्दानी रकमको अनुसूची-१ बमोजिमका सूचकको आधारमा गाउँ कार्यपालिकाले निर्णय गरेबमोजिम हुनेछ ।

यसमा जुनसुकै कुरा लेखिएको भए तापनि गौरीगञ्ज आधारभूत अस्पतालको आर्थिक अवस्था आन्तरिक रुपमा सुदृढ भई गाउँपालिकाको सहयोग बिना सञ्चालन हुन सक्षम भएपछि मात्र प्रोत्साहन भत्ताको व्यवस्था गरिने छ ।

६. **कर्मचारीको मासिक हाजिरी :** (१) यस मापदण्डबमोजिम प्रोत्साहन भत्ता प्राप्त गर्ने कर्मचारीले अस्पताल खुलेको दिनको न्युनतम् ८० प्रतिशत वा सो बढी समय हाजिर भई ड्युटी रोष्टरअनुसारको कार्य सम्पादन गरेको हुनुपर्नेछ । गौरीगञ्ज गाउँपालिका क्षेत्रभित्र खटाएको कर्मचारीको हकमा सबै फिल्ड काज हाजिरीमा गणना हुनेछ। महिनामा ८० प्रतिशत वा सो भन्दा कम दिन हाजिर भएको कर्मचारीले अतिरिक्त सुविधा वा प्रोत्साहन सुविधा दाबी गर्न पाइने छैन ।

७. **अभिलेख व्यवस्थापनः** कर्मचारी कामकाजको अभिलेख देहाय बमोजिम राख्नुपर्ने छ :

(क) अस्पतालभित्रका सम्बन्धित शाखा प्रमुखले कर्मचारीको कामकाजको अभिलेख राखी ड्युटी रोष्टर तयार गरी लागु गर्नुपर्ने छ । यसरी ड्युटी रोष्टर तयार गर्दा अनुसूची-१ मा उल्लेखित सूचक खुल्नेगरी राख्नुपर्ने छ।

(ख) अस्पताल प्रमुखले साप्ताहिक चक्रिय आधारमा ड्यूटी अफिसर तोक्नु पर्नेछ । अस्पताल प्रमुखसहित सबै कर्मचारीले कार्यालय समयपछि वा अत्यावश्यक कामको लागि अस्पताल बाहिर जानुपर्ने अवस्थामा ड्यूटी अफिसरलाई जानकारी गराई लग-बुकमा जनाई स्वीकृति लिएर मात्र बाहिर जानुपर्ने छ ।

(ग) झुट्टा वा नक्कली विवरण पेश गरी अतिरिक्त सुविधा लिएको पाइएमा सरकारी बाँकीसरह असुल-उपर गर्नुपर्नेछ । यसरी झुठ्ठा वा नकली विवरण पेश गर्न तथा रुजु गर्ने कर्मचारी र कार्यालय प्रमुखलाई प्रचलित कानूनबमोजिम कारवाही हुनेछ ।

(घ) अस्पतालबाट प्रवाह हुने सेवा अवरुद्ध नहुने गरी कर्मचारीले कानून बमोजिम पाउने बिदाको उपभोग गर्न सक्ने छ ।

८. **काज वा बिदाको जानकारी र अभिलेखः** चिकित्सक, स्वास्थ्यकर्मी वा अन्य कर्मचारीले नियमानुसार काज वा बिदा स्वीकृत गर्ने अधिकारीबाट काज/बिदा स्वीकृत गराउनुपर्ने छ । सोको जानकारी सम्बन्धित कर्मचारीले अस्पताल प्रशासन शाखामा दिनुपर्ने छ।

९. **अस्पतालले पालना गर्नुपर्ने व्यवस्थाः** अस्पतालले ऐन तथा नियमावलीमा उल्लेखित व्यवस्थाको अतिरिक्त देहायका व्यवस्थासमेत पुरा गर्नुपर्ने छ :

(क) टिकट काउन्टर अगाडि सेवा प्रदान गर्ने चिकित्सकको नाम, सेवा प्रदान गर्ने दिन र समय स्पष्ट रुपमा देखिने गरी राख्नुपर्ने ।

(ख) अस्पतालले लाभग्राहीहरुको लाइन व्यवस्थापन गर्नुपर्ने ।

(ग) असक्त तथा ज्येष्ठ नागरिकलाई पहिलो प्राथमिकता दिनुपर्ने ।

(घ) अस्पताल परिसरको पूर्ण सरसफाई गराउने र फोहोरमैलाको उचित व्यवस्थापन गर्ने।

(ङ) सेवा प्रवाहको सम्बन्धमा सेवाग्राहीको गुनासो व्यवस्थापन गर्न गुनासो पेटिकाको व्यवस्था गर्नुपर्ने ।

१०. **नियमित औषधी, रेफर तथा पुर्जी काट्ने समयः** नियमित औषधि वितरण र रेफर सेवा बिहान १०:०० बजेदेखि दिउँसो ३:०० बजेसम्म तथा पुर्जी काट्ने सेवा बिहान ९:०० बजेदेखि दिउँसो २:०० बजेसम्म प्रदान गर्नुपर्ने छ ।

आकस्मिक तथा अन्य सिफ्ट ड्युटीको समय तालिका निम्नानुसार हुने छ :

बिहानी सिफ्ट : बिहान ७:०० बजेदेखि दिउसो १:०० बजेसम्म

अपरान्ह सिफ्ट : दिउसो १:०० बजेदेखि साँझ ७:०० बजेसम्म

रात्री सिफ्ट : साझ ७:०० बजेदेखि भोलिपल्ट बिहान ७:०० बजेसम्म

विशेष परिस्थितिमा अस्पतालले निर्णय गरी समय तालिका परिवर्तन वा हेरफेर गर्न सक्नेछ ।

## परिच्छेद- ३

## अन्य

११. **कर्मचारीले पालन गर्नुपर्ने आचारसंहिता :**

(क) कार्यालय प्रवेश गरे लगतै नियमित समयमा बायोमेट्रिक हाजिरीमा हाजिर गर्ने । साथै हाजिरी पुस्तिकामा समेत आएको, गएको समय उल्लेख गरी हाजिरी जनाउने।

(ख) बिरामीको लागि प्रेस्क्रिप्सन लेखिसकेपश्चात चिकित्सकले आफ्नो नाम र काउन्सिल नं. खुल्ने छापको अनिवार्य प्रयोग गर्नुपर्ने ।

(ग) बिरामी तथा कुरुवालाई शिष्ट, नम्र तथा सेवाभावको व्यवहार गर्नुपर्ने ।

**१२. प्रोत्साहन भत्ता नपाउने:** देहायको अवस्थामा गौरीगञ्ज आधारभूत अस्पतालका स्थायी तथा करार सेवामा कार्यरत कर्मचारीले कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता पाउने छैनन् :

(क) ७ दिनभन्दा बढी दैनिक तथा भ्रमण खर्च पाउने गरी काजमा खटिएको कर्मचारीले प्रोत्साहन भत्ता पाउने छैन ।

(ख) सेवाकालीन तालिम वा अन्य यस्तै प्रकारको क्षमता अभिवृद्धि सम्बन्धी तालिम, गोष्ठीमा सहभागी भएको अवधिमा ।

(ग) सेवाग्राहीसँग असल व्यवहार नगरेको प्रमाणित भएमा ।

(घ) सेवाग्राहीको गुनासो छानविन गर्दा बदनियतपूर्वक काम गरेको पाइएमा ।

(ङ) माथिल्लो अधिकारीले दिएको आदेश पालना नगरेमा ।

(च) बिना सूचना कार्यालयमा अनुपस्थित भएमा ।

(छ) मासिक रुपमा कार्यालय खुलेको दिनको ८०% भन्दा कम हाजिरी भएमा अतिरिक्त सुविधा तथा प्रोत्साहन भत्ता भुक्तानी हुने छैन ।

(ज) गौरीगञ्ज गाउँपालिकाबाट अस्पातालमा कामकाज गर्नका लागि खटाइएको मिति खुल्ने आधिकारिक पत्र वा निर्णय भएको भए उक्त निर्णयको लिखित प्रमाण नभएमा ।

**१३. अस्पतालको आम्दानीवाट मात्र अतिरिक्त सुविधा दिनुपर्ने :** अन्यत्र जुनसुकै कुरा उल्लेख भए तापनि अस्पतालको आम्दानीबाट मात्र अतिरिक्त सुविधा उपलव्ध गराइने छ । कर्मचारीलाई दिइने अतिरिक्त सुविधा अस्पतालको कोषबाट प्रदान गरिने छ।

**१४. बाधा अड्काउ फुकाउसम्बन्धी व्यवस्थाः** यस कार्यविधिसम्बन्धी कुनै बाधा अड्काउ फुकाउनु परेमा गाउँ कार्यपालिकाको निर्णय अनुसार हुने छ ।

गौरीगंज राजपत्र

## अनुसूची -१

(दफा ४ सँग सम्बन्धित)

गौरीगञ्ज आधारभूत अस्पतालमा कार्यरत बिशेषज्ञ, चिकित्सक, स्वास्थ्यकर्मीलगायत सम्पूर्ण कर्मचारीलाई अतिरिक्त सेवा गरेवापत देहाय अनुसार सुविधा उपलव्ध गराइने छ । यो सुविधा अस्पतालवाट सञ्चालित विभिन्न सेवावापत प्राप्त भएको आम्दानीबाट भुक्तानी गरिने छ । अतिरिक्त सेवावापत प्रदान गरिने सुविधामा नियमानुसार कर कट्टि हुनेछ ।

### अतिरिक्त सेवावापत पाउने सुविधा

| सि. नं. | वर्गीकरण | सेवा सुविधा (शुरु तलब स्केलको आधारमा) | कैफियत |
|---|---|---|---|
| १ | बिशेषज्ञ चिकित्सक | ७५% | शुरु तलबमानलाई ३० ले भाग गर्दा आउने भागफललाई १ दिन मानी उक्त दिनलाई घण्टा ७ ले भाग गरी आउने भागफललाई आधार मानिने छ । भागफलमा दशमलबपछिको अंकलाई गणना गरिने छैन । |
| २ | चिकित्सक | ७५% | |
| ३ | सबै पारामेडिक | ७५% | |
| ४ | अन्य कर्मचारी | ७५% | |
| ५ | का.स. | ७५% | |

- हप्तामा ८४ घण्टाभन्दा बढी अतिरिक्त सुविधा भुक्तानी गरिने छैन ।
- आकस्मिक वा २४ घण्टे सेवाबाहेक नियमित कार्यालय समयमा मात्र ड्युटी गर्ने कर्मचारीले अतिरिक्त समय काम गर्नुपर्ने विशेष परिस्थिति सिर्जना भएमा सोको आधार र कारणसहितको विवरण खुलाई कार्यालय प्रमुखको पूर्व स्वीकृति लिनुपर्ने छ ।

## अनुसूची -२

(दफा ५ सँग सम्बन्धित)

गौरीगञ्ज आधारभूत अस्पतालबाट सञ्चालित विभिन्न सेवावाट प्राप्त कुल नाफा रकममध्ये प्रोत्साहनवापत छुट्याइएको २०% रकमलाई १००% मानी अस्पतालमा कार्यारत कर्मचारीलाई कार्यबोझको आधारमा प्रोत्साहन स्वरूप गौरीगञ्ज गाउँ कार्यपालिकाको निर्णयानुसार बाँडफाँड गरिने छ ।

**प्रतिशत :**

**(क) बिशेषज्ञ डाक्टर र मेडिकल अधिकृत :**

| सि.नं. | वर्गीकरण | प्रतिशत % | कैफियत |
|---|---|---|---|
| १ | चिकित्सक | २५ | २०% लाई १००% मानी उक्त प्रतिशतलाई बाँडफाँड गरेको । |
| २ | कर्मचारी | ७५ | |
| जम्मा | | १०० | |

| सि. नं. | बर्गिकरण | प्रतिसत % | कैफियत |
|---|---|---|---|
| १ | बिशेषज्ञ चिकित्सक(हरु) | ३० | २५% लाई १००% मानी उक्त प्रतिशतलाई पुन: कार्यभारको आधारमा प्रतिशतमा बाँडिएको । |
| २ | मेडिकल अधिकृत(हरु) | ७० | |
| जम्मा | | १०० | |

**(ख) कर्मचारीहरु :**

कर्मचारीको हकमा निम्नानुसार वर्गीकरण गरिएको छ :

| सि.नं. | वर्गीकरण | प्रतिशत | कैफियत |
|---|---|---|---|
| १ | इमर्जेन्सी (२४ घन्टे सेवा) | २५% | ७५ %लाई १००% मानी उक्त प्रतिशतलाई पुन कार्यभारको आधारमा बाँडफाँड गरिएको । |
| २ | ल्याब | २०% | |
| ३ | बिमा क्लेम / बिलिङ | १०% | |
| ४ | प्रशासन, लेखा, स्टोर | ६% | |
| ५ | फार्मेसी | ७% | |
| ६ | सुरक्षित मातृत्व/इन्डोर सेवा | ११% | |
| ७ | पारामेडीक्स ओ.पी.डी.(NCD, NTD क्षय, कुष्ठ, पोषण, खोप आदि अन्य स्वास्थ्य कार्यक्रम) | ५% | |
| ८ | एक्स-रे | ७% | |
| ९ | सहयोगी | ५% | |
| १० | सरसफाइकर्मी | ४% | |
| | **जम्मा** | १००% | |

**(ग) अस्पताल व्यवस्थापन तथा संचालन समिति बैठक भत्ता**

- अस्पताल व्यवस्थापन समिति (आमन्त्रितसमेत)को बैठक बसेको दिनको भत्ता रकम रु १,०००/- (एक हजार रुपैयाँ) कायम गरिने ।
- महिनामा बढीमा २ वटा सम्म बैठकको मात्र भत्ता उपलव्ध हुनेछ ।

**आज्ञाले,**
खेमराज थापा
प्रमुख प्रशासकीय अधिकृत

गौरिगंज राजपत्र